गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुपन्देही

निर्णयहरु

१. मिति २०८१ साल असोज २, ३ र ४ गते जिल्ला स्थित सवै सरकारी निकायहरु, स्थानीय तहहरु तथा संघ संस्थाहरुले आ-आफ्नो कार्यालय र परिसरमा निर्धारित साईजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ सम्पूर्ण कार्यालयहरुमा दिप प्रज्वलन गर्ने ।

२. शिक्षा विकास तथा समन्वय ईकाइले स्थानीय तहहरुको समन्वयमा फरक क्षमता भएका विद्यार्थीहरुका लागि हितकर शैक्षिक तथा खेलकुद सामग्री वितरण लगायतका कार्यक्रम गर्ने ।

३. स्वास्थ्य कार्यालय, रुपन्देहीले नेपाल रेडक्रस सोसाईटि तथा स्वास्थ्य सेवा सम्वद्ध सरकारी गैरसरकारी तथा सामुदायिक संघ/संस्थाहरुको समन्वयमा रक्तदान र स्वास्थ्य सचेतना मूलक कार्यक्रम संचालन गर्ने ।

४. जिल्ला प्रशासन कार्यालयले स्थानीय तहहरुको समन्वयमा संविधान दिवस सम्बन्धी विमर्श कार्यक्रम आयोजना गर्ने ।

५. सबै स्थानीय तहहरुको समन्वयमा बुटवल उपमहानगरपालिकाले माध्यमिक विद्यालय तहको जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने ।

६. पत्रकार महासंघ, रुपन्देहीले स्थानीय विद्युतीय तथा छापा सञ्चार माध्यमबाट संविधान दिवस तथा राष्ट्रिय दिवससँग सम्बन्धित जिंगल, शुभकामना लगायतका सन्देशमूलक तथा जनचेतनामूलक कार्यक्रमहरुको प्रसारण/प्रकाशन गर्ने ।

७. डिभिजन वन कार्यालयले सैनामैना नगरपालिकाको समन्वयमा सैनामैना नगरपालिका वडा नं. ४ मुर्गियामा बृहत बृक्षारोपण कार्यक्रम गर्ने ।

८. गृह मन्त्रालयबाट मिति १०८ मिति २०८१/०५/११ मा भएको परिपत्रमा उल्लेखित सबै क्रियाकलापहरु सिलसिलाबद्ध तथा व्यवस्थित रुपमा संचालन गर्ने, प्रस्तुत निर्णय सबै सरोकारवालाहरुलाई सम्प्रेषण गर्ने ।

प्रमुख जिल्ला अधिकारी